नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
लाजिम्पाट, काठमाडौं

पत्र संख्या: (२०८३/०८४)

**प्रेस विज्ञप्ती – १६**

नेपाल संवत्: ११४६

प्रा.प.सं. :

## "लिखत सम्बन्धी कसुरमा मानिस पक्राउ"

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजीव महतो समेत भएको लिखत सम्बन्धी कसूरमा अनुसन्धानको क्रममा अध्यागमन विभागमा कार्यरत तत्कालीन कम्प्युटर अपरेटर राजीव महतोले नेपाली पोर्ट प्रणालीमा रहेको पहुँच तथा पदको दुरुपयोग गरी कानुन बमोजिम भिसा शुल्क समेत प्राप्त नगरी भिसा जारी गरेको, सरकारी राजश्व हिनामिना गरेको तथा सरकारी कागजात किर्ते गर्ने क्रममा निज राजीव महतोले लक्जेम्बर्गका नागरिकले नियमानुसार रु. १,५९,४०८/- ($१,२०० USD) राजश्व दाखिला गरी प्राप्त गरेको आवासीय भिसा नम्बर E240000001 लाई मिति २०८०।११।०९ गते (सन् २०२४-०२-२१) मा Travel Centralization System मार्फत बदनियतपूर्ण कार्य गरी अमेरिकी नागरिकको नाममा गैरकानुनी रूपमा भिसा Create र Approve गरी भिसा जारी गरेको कसूरमा संलग्न जिल्ला रौतहट साविक भलोहिया गा.वि.स. वडा नं.२ स्थायी घर भएका वर्ष ३० को राजीव महतोलाई मिति २०८३।०५।१७ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई आज मिति २०८३।०५।१८ गते ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीबाट पक्राउ गरी लिखत सम्बन्धी कसुरमा यस ब्युरोको हिरासतमा राखी लिखत सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको ।

**सूचना अधिकारी**
**अनुपम शमशेर ज.ब.रा.**
**(प्रहरी वरिष्ठ उपरीक्षक)**
**सम्पर्क नम्बर: ९८५१२९१३११**

मिति २०८३/०५/१८ गते ।
**नेपाल संवत्: ११४६**